## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २५ अक्तूबर २०२४

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

1. चक्रवाती समुन्द्री तुफान दानाको प्रभाव पश्चिम बङ्गालको तटीय जिल्लाहरु साथै दार्जीलिंग पहाडमा देखियो l हिज देखि हल्का बर्षा जारी छ l
2. वन विभागले दार्जिलिङ जिल्लाको पहाडी क्षेत्रमा विशेष गरी खर्सांगमा कालो चितुवाको गतिविधिको निगरानी गर्न ट्र्याप क्यामेरा जडान गर्ने प्रक्रिया शुरु गरेको छ।
3. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन कृषि एवं वागवानी विभागद्वरा आज मिरिक थर्बु डुप्टिन समष्टिका कृषकहरूलाई स्ट्रबेरीका बिरुवा वितरण गरिएको छ।
4. केन्द्रीय माध्यमिक शिक्षा बोर्ड सी.बी.एस.ई.ले कक्षा १० अनि १२ को परीक्षाको तारिखको घोषणा गरेको छ |
5. १७ औं शहरी गतिशीलता भारत सम्मेलन आजदेखि गान्धीनगरको महात्मा मन्दिरमा शुरु भएको छ।

**चक्रवाती समुन्द्री तुफान दानाको असर**

चक्रवाती समुन्द्री तुफान दाना को असर पश्चिम बङ्गालको समतल तथा पहाडी इलाकामा देखियो l राज्यका नौ तटीय जिल्लाहरुमा आज बिहान देखिने बर्षा रेकर्ड गरिय्तो भने दार्जीलिंग पहाडमा हिजा देखि नै हल्का बर्षा जारी छ l यधपी, यस तुफान ले पश्चिम बङ्गालमा ज्यान्माल को कुनै ठुलो क्षय क्षति भएको समाचार छैन l मौसम विभागले पश्चिम बंगालको अधिकांश स्थानहरुमा आज हल्का देखि मध्यम बर्षा हुने चेताउनी अघिबाटै जारी गरेकोले मानिसहरु सतर्क र सावधान थिए l पश्चिमी मिदनापुर, झाड़ग्राम जिल्लाहरु साथै दक्षिण 24 परगना जिल्लामा अत्याधिक बर्षा रेकर्ड गरिएको छ l कोलकाता, उत्तर 24 परगना, हावड़ा, हुगली बांकुरा पुरुलिया जिल्लाहरुमा पनि बर्षा भएको खबर छ मौसम बिभाग अनुसार , दक्षिण बंगालको नौ जिल्लाहरुमा मूसलाधारे बर्षा भएको छ lमौसम विभाग अनुसार भोलि पूर्वी तथा पश्चिमी मिदनापुर और झाड़ग्राम जिल्लाहरु अनि पहाडी क्षेत्रहरुमा बर्षा हुने सम्भावना व्यक्त गरेको छ।

****** ० ******

**दार्जिलिंग-कालो चितुवा- क्यामेरा**

वन विभागले दार्जिलिङ जिल्लाको पहाडी क्षेत्रमा विशेष गरी खर्सांगमा कालो चितुवाको गतिविधिको निगरानी गर्न ट्र्याप क्यामेरा जडान गर्ने प्रक्रिया शुरु गरेको छ। वन विभागले यसै महिनाको १४ तारिख खर्सांगमा कालो चितुवाको उपस्थिति रेकर्ड गरेको थियो।वन विभागका एक वरिष्ठ अधिकारी अनुसार, सामान्य मानिसले मेलानिस्टिक चितुवालाई कालो चितुवा भनेर गलत तरिकाले हेर्ने गर्छन् तर यी दुई फरक प्रजातिका हुन्छन् । मेलानिस्टिक चितुवा वास्तवमा सामान्य चितुवा हो, जसको छालाको रङ डीएनए असन्तुलनका कारण बढी कालो देखिन्छ। दुर्लभ प्रजाति भए तापनि यी चितुवाहरू वर्षौंदेखि दार्जिलिङको पहाडमा धेरै पटक देखा पर्दै आएका छन्। यस कारण, राज्य वन विभागले उनीहरूको गतिविधिहरू निगरानी गर्न ट्र्याप क्यामेराहरू स्थापना गर्ने निर्णय गरेको छ, ताकि यस क्षेत्रमा उनीहरूको उपस्थितिको बारेमा थप जानकारी सङ्कलन गर्न सकियोस्।

****** ० ******

**पुसुमबेंग चियाबारी-सडक निर्माण**

बिगत अविरल बर्षाको कारण क्षतिग्रस्त भएको सुके मानेभनज्याङ समष्टि अन्तर्गत पुसुमबेंग चियाबारीको प्रमुख सड़कको निर्माण कार्य आजदेखि शुरू भएको छ l यस मार्ग गाउँ सम्म पुग्ने मुख्य सडक मार्ग भएको कारण गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन द्वारा निर्माण शुरु भएको जानकारी समस्टिका सभासद उदय देवानले दिनुभएको छ l

****** ० ******

**दार्जीलिंग -बेनेकबर्ण चियाबारी**

दार्जीलिंगको बेनेकबर्ण चिया बगान आजदेखि सुचारु रूपमा सञ्चालन भएको छ। बिगत ९ अक्टोबरदेखि बन्द अवस्थामा रहेको यस चिया बगान संचालन गर्न हिज श्रमिक कार्यालय, दागापुरमा सभा सम्पन्न भएको थियो l चिया बगान खोलिएपछि चिया श्रमिकहरुले खुशी व्यक्त गरेका छन् l

**नक्सलबारी -चिया बगान -प्रदर्शन**

सिलगडी महकुमा अन्तर्गत नक्सलबारी चिया बगानका श्रमिकहरुले तलब नपाएको कारण आज व्यवस्थापकको कार्यालय घेराउ गर्दै विरोध प्रदर्शन गरेका छन् । श्रमिकहरुले दुई सातादेखि तलब नपाएको आरोप लगाएका छन् । श्रमिकहरु अनुसार पर्याप्त रकम नहुँदा परिवारका सदस्य बिरामीहरुको उपचार हुन सकेको छैन । चिया बगानका व्यवस्थापक प्रयास दासले श्रमिकहरुको बाकी तलब बैंकलाई दिइएको जानकारी दिनुभएको छ। बैंकको समस्याका कारण श्रमिकहरुको तलब अझै पुग्न सकेको छैन । यस समस्यालाई चाडै समाधान गरिने भएको छ। श्रमिकहरूको प्रदर्शनका कारण बगानमा काम घण्टौंसम्म रोकिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**जिटिए – स्ट्रबेरी बिरुवा वितरण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन कृषि एवं वागवानी विभागद्वरा आज मिरिक थर्बु डुप्टिन समष्टिका कृषकहरूलाई स्ट्रबेरीका बिरुवा वितरण गरिएको छ । कृषकहरूलाई आर्थिकरूपले सबल बनाँउन उक्त बिरुवा वितरण गरिएको कृषि अनि वागवानी विभाग जीटीएका सभासद मिलेस राईले जानकारी दिनुभएको छ। स्ट्रबेरीका बिरुवा मिरिक बस्ती र थर्बुका कृषकहरूलाई वितरण गरिएको जानकारी दिनुहुदै सभासद राईले स्ट्रबेरीको खेती गरेर कृषकहरु आत्मनिर्भर बन्न सक्ने धारणा व्यक्त गर्नुभएको छ।

****** ० ******

**केन्द्रीय माध्यमिक शिक्षा बोर्ड**

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड सी.बी.एस.ई.ले कक्षा १० अनि १२ को परीक्षाको तारिखको घोषणा गरेको छ | यी कक्षहरुको निम्ति प्राक्टिकल परिक्षा आगामी १ जनवरी २०२५ देखि हुनेछ अनि लिखित परीक्षा १५ फरवरी देखि हुने घोषणा गरिएको छ | सी.बी.एस.ई.को अधिकारिक website मा परीक्षाको हिज घोषणा गरिएको हो| कक्षा १० र कक्षा १२ को निम्ति विषय आधारित परीक्षा तालिका चाडैनै अधिकारिक website मा घोषणा हुने जानकारी प्राप्त भएको छ |

****** ० ******

**तिहार -दार्जीलिंग -छड्के भ्रमण**

तिहार पर्वलाई केन्द्र गरी दार्जीलिंग नगरपालिका लगायत जिल्ला प्रशासनको बिभिन्न टोलीले आज दार्जीलिंग शहरको बिभिन्न मिठाई दोकानहरुको छड्के भ्रमण गरेको जानकारी प्राप्त भएको छ । यस अवधि फोहोर मैला भेट्टाइएपछि कतिपय मिठाई दोकानविरुद् मुद्दा दर्ता गरिएको जानकारी छ। यसबारे जानकारी गराउँदै दार्जीलिंग नगरपालिका कर्मचारी प्रियङ्का ठटालले तयार मिठाइहरुको समयसीमा ४८ घण्टा मात्र रहेको जनाइन् भने यसको लागि मिठाइहरुमा ट्याग लगाउनुपर्ने निर्देश जारी गरिएको बताउनु भएको छ ।

****** ० ******

**प्रधानमन्त्री – मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार आकाशवाणीमा हुने 'मन की बात' कार्यक्रममा देश विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ । यो मासिक रेडियो कार्यक्रमको ११५ औं संस्करण हुनेछ । यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्युज अन एयर मोबाइल एपमा प्रसारण हुनेछ। यसको प्रत्यक्ष प्रसारण आकाशवाणी समाचार, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयका युट्युब च्यानलहरूमा पनि हुनेछ। आकाशवाणीले हिन्दी प्रसारण लगत्तै क्षेत्रीय भाषाहरूमा कार्यक्रम प्रसारण गर्नेछ।

****** ० ******

**ध्वनी तथा वायु प्रदूषण -नियन्त्रण**

आगामी दीपावलीमा ध्वनी र वायु प्रदूषण नियन्त्रण गर्ने प्रयास स्वरूप इन्डियन मेडिकल एसोसिएसन र हिमालयन नेचर एण्ड एडभेन्चर फाउन्डेसनले संयुक्त पहल गर्ने घोषणा गरेका छन् । इन्डियन मेडिकल एसोसिएसन र हिमालयन नेचर एण्ड एडभेन्चर फाउन्डेसनले यस बारे चर्चा गर्न आज पत्रकार सम्मेलनको आयोजना गर्दै आगामी आइतबार सिलगडीको कञ्चनजङ्घा स्टेडियमबाट एक जागरुकता रैली आयोजना गरिनेछ जसले एयरभ्यु मोड़ सम्म परिक्रमा गर्ने जानकारी दिएको छ ।

****** ० ******

**मिरिक -पुष्प प्रदर्शनी**

मिरिकमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ। मिरिकमा युवा फूल उत्पादकहरूलाई प्रोत्साहित गर्न आजदेखि शुरु भएको तीन दिवसीय पुष्प प्रदर्शनीको उद्घाटन मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राई अनि मिरिक नगरपालिका अध्यक्ष एलबी राईले गर्नुभयो । मिरिक फ्लोरिकल्चर सोसाइटीको आयोजनामा आगामी २७ अक्टोबरसम्म चल्ने उक्त पुष्प प्रदर्शनीमा मिरिक महकुमा क्षेत्रका फुल उत्पादकहरुले भाग लिएका छन् ।

****** ० ******

**सेलेसियन कलेज -स्वास्थ्य जाच शिविर**

सेलेसियन कालेज सुनदहको आयोजनामा तथा गोर्खा च्यारिटेबल हस्पिटल एवं हिमालयन वेल्फेयर अर्गनाइजेसनको संयुक्त तत्वाधानमा आज रक्तदान एव निशुल्क स्वास्थ्य जाच शिविर सम्पन्न भयो। आँखा जाँचको निम्ति सिलिगुडी लायन्स नेत्रालयका टोली उपस्थित थिए जसमा मोठ १३२ जनाको आँखा जाँच गरियो । रक्तदान शिविरमा मोठ ६७ जनाले रक्तदान गरे। संग्रह गरिएको रक्त तराई लायन्स ब्लड बैंकमा सुम्पिएको जानकारी सुरेन प्रधानले दिनुभएको छ।

****** ० ******

**१७ औं अर्बन मोबिलिटी इन्डिया सम्मेलन**

१७ औं शहरी गतिशीलता भारत सम्मेलन आजदेखि गान्धीनगरको महात्मा मन्दिरमा शुरु भएको छ। सम्मेलनको उद्घाटन गर्नुहुदै गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले विगत १० वर्षमा देशको सामाजिक, आर्थिक विकासमा शहरीकरणको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको छ। श्री पटेलले "सम्मेलनले शहरी गतिशीलताको क्षेत्रमा राज्यहरूमा अनुभव र विकासहरूको पारस्परिक आदानप्रदानको लागि एक मंच को रूपमा कार्य गर्नेछ र विभिन्न शहरी गतिशीलता चुनौतीहरूको लागि मानकीकृत समाधानहरू अपनाउन पनि मद्दत गर्नेछ।

****** ० ******

************